# नेपाल राष्ट्र बैंक
## आर्थिक अनुसन्धान विभाग, बालुवाटार, काठमाडौं
# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति
*(आर्थिक वर्ष २०७८/७९ को एघार महिनाको तथ्याङ्कमा आधारित)*

### प्रमुख झलक


- *वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ८.५६ प्रतिशत रहेको छ ।*
- *आयात २७.५ प्रतिशतले, निर्यात ५३.३ प्रतिशतले र कुल वस्तु व्यापार घाटा २५ प्रतिशतले बढेको छ ।*
- *विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा ३.८ प्रतिशतले बढेको र अमेरिकी डलरमा १.५ प्रतिशतले बढेको छ ।*
- *शोधनान्तर स्थिति रु.२६९ अर्ब ८१ करोडले घाटामा रहेको छ ।*
- *कुल विदेशी विनिमय सञ्चिति ९ अर्ब ४५ करोड अमेरिकी डलर रहेको छ ।*
- *संघीय सरकारको खर्च रु.१०३५ अर्ब ६१ करोड र राजस्व परिचालन रु.९४२ अर्ब १३ करोड रहेको छ ।*
- *विस्तृत मुद्राप्रदाय ३.९ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा यस्तो मुद्राप्रदाय ९.० प्रतिशतले बढेको छ ।*
- *बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ५.७ प्रतिशतले बढेको छ र निजी क्षेत्रमा प्रवाहित कर्जा १३.५ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा निक्षेपको वृद्धिदर ११.३ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर १५.७ प्रतिशत रहेको छ ।*

## मुद्रास्फीति

### उपभोक्ता मुद्रास्फीति

१. २०७९ जेठ महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ८.५६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ४.१९ प्रतिशत रहेको थियो । समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ७.४३ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ९.४४ प्रतिशत रहेको छ । २०७९ जेठ मसान्तसम्म वार्षिक बिन्दुगत मासिक औसत मुद्रास्फिति ६.०९ प्रतिशत रहेको छ ।

**चार्ट १: वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति**




२. २०७८ जेठ महिनाको तुलनामा २०७९ जेठ महिनामा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत घ्यू तथा तेल, दुग्ध पदार्थ तथा अण्डा, सुर्तीजन्य पदार्थ, मदिराजन्य पेय पदार्थ र दाल तथा गेडागुडी उपसमूहको मूल्यवृद्धि क्रमशः २२.६० प्रतिशत, ११.२२ प्रतिशत, ९.७० प्रतिशत, ९.६८ प्रतिशत र ९.१३ प्रतिशत रहेको छ । साथै, गैर-खाद्य तथा सेवा समूह अन्तर्गत यातायात, शिक्षा, फर्निसिङ्ग तथा घरायसी उपकरणहरु, मनोरञ्जन तथा संस्कृति र घरायसी

**तालिका १ : वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति (प्रतिशत)**

| विवरण | २०७८ जेठ | २०७९ वैशाख | २०७९ जेठ |
|---|---|---|---|
| ***समग्र मुद्रास्फीति*** | **४.१९** | **७.८७** | **८.५६** |
| *खाद्य तथा पेय पदार्थ* | ६.२२ | ७.१३ | ७.४३ |
| *गैर-खाद्य तथा सेवा* | २.६३ | ८.४५ | ९.४४ |

उपयोगका वस्तुहरु उपसमूहको मुद्रास्फीति क्रमशः २५.७९ प्रतिशत, ११.६४ प्रतिशत, ८.३० प्रतिशत, ८.२१ प्रतिशत र ७.८४ प्रतिशत रहेको छ ।

३. समीक्षा महिनामा काठमाडौं उपत्यकामा ८.३२ प्रतिशत, तराईमा ८.२९ प्रतिशत, पहाडमा ९.२८ प्रतिशत र हिमालमा ८.९२ प्रतिशत मुद्रास्फीति रहेको छ । २०७८ जेठमा यी क्षेत्रहरुमा क्रमशः ३.८७ प्रतिशत, ४.४७ प्रतिशत, ४.३२ प्रतिशत र १.७२ प्रतिशत मुद्रास्फीति रहेको थियो ।

### थोक मुद्रास्फीति

४. २०७९ जेठ महिनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति १४.७७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ९.०० प्रतिशत रहेको थियो । २०७९ जेठ मसान्तसम्म वार्षिक विन्दुगत मासिक औषत थोक मुद्रास्फिति ९.२६ प्रतिशत रहेको छ ।

५. समीक्षा महिनामा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको थोक मूल्यवृद्धि क्रमशः १५.८४ प्रतिशत, १५.३४ प्रतिशत र ७.८३ प्रतिशत रहेको छ । समीक्षा महिनामा निर्माण सामग्रीको थोक मूल्यवृद्धि २५.२५ प्रतिशत रहेको छ ।

### तलब तथा ज्यालादर सूचकाङ्क

६. २०७९ जेठ महिनामा वार्षिक बिन्दुगत तलब तथा ज्यालादर सूचकाङ्क ८.५० प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही महिनामा उक्त सूचकाङ्क १.९८ प्रतिशतले बढेको थियो । समीक्षा महिनामा तलब सूचकाङ्क र ज्यालादर सूचकाङ्क क्रमशः ९.४४ प्रतिशत र ८.२४ प्रतिशतले बढेको छ । २०७९ जेठ मसान्तसम्म वार्षिक विन्दुगत मासिक औषत तलब तथा ज्यालादार सूचकाङ्क ६.४२ प्रतिशत रहेको छ ।

### नेपाल र भारतको उपभोक्ता मुद्रास्फीति


७. २०७९ जेठ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति नेपालमा ८.५६ प्रतिशत र सन् २०२२ मे महिनामा भारतमा ७.०४ प्रतिशत रहेको छ ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार

८. आर्थिक वर्ष २०७८/७९ को एघार महिनामा कुल वस्तु निर्यात ५३.३ प्रतिशतले वृद्धि भई रु.१८५ अर्ब ८४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ३७.८ प्रतिशतले वृद्धि भएको थियो । गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ भएको निर्यात क्रमशः ६१.८ प्रतिशत र ३०.१ प्रतिशतले वृद्धि भएको छ भने चीनतर्फको निर्यात २१.४ प्रतिशतले घटेको छ । वस्तुगत आधारमा पाम तेल, सोयाविन तेल, धागो (पोलिष्टर तथा अन्य), ऊनी गलैंचा, जिंक शिट लगायतका वस्तुको निर्यात बढेको छ भने अलैंची, चिया, औषधी (आयुर्वेदिक), दन्त मञ्जन, तार लगायतका वस्तुको निर्यात घटेको छ ।

**चार्ट २: वैदेशिक व्यापार (एघार महिना)**




९. आर्थिक वर्ष २०७८/७९ को एघार महिनामा कुल वस्तु आयात २७.५ प्रतिशतले वृद्धि भई रु.१७६३ अर्ब २२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात २५.७ प्रतिशतले बढेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः २४.२ प्रतिशत, १६.० प्रतिशत र ४६.१ प्रतिशतले वृद्धि भएको छ । वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, औषधी, कच्चा पाम तेल, सुन, अन्य मेशिनरी तथा पार्ट्स

लगायतका वस्तुको आयात बढेको छ भने एम.एस.विलेट, रासायनिक मल, सिमेन्ट, धान तथा चामल, दाल लगायतका वस्तुको आयात घटेको छ ।

१०. निर्याततर्फ कन्चनपुर र मेची भन्सार कार्यालय बाहेकका प्रमुख नाकाबाट गरिएको निर्यात वृद्धि भएको छ। आयाततर्फ भने सम्पूर्ण प्रमुख नाकाबाट भएको आयातमा वृद्धि भएको छ ।

११. आर्थिक वर्ष २०७८/७९ को एघार महिनामा कुल वस्तु व्यापार घाटा २५.० प्रतिशतले वृद्धि भई रु.१५७७ अर्ब ३९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा २४.६ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा निर्यात-आयात अनुपात १०.५ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ८.८ प्रतिशत रहेको थियो ।

१२. समीक्षा अवधिमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी रु. २०० अर्ब ८२ करोड बराबरको वस्तु आयात भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात रु. १७३ अर्ब २६ करोड बराबरको भएको थियो ।

**वैदेशिक व्यापारको संरचना**

१३. वृहत्त आर्थिक वर्गीकरण अनुसार समीक्षा अवधिमा भएको कुल निर्यातमा मध्यवर्ती र अन्तिम उपभोग्य वस्तुको अनुपात क्रमशः ४७.४ प्रतिशत र ५२.६ प्रतिशत रहेको छ भने पुँजीगत वस्तुको अनुपात नगन्य अर्थात् ०.०२ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा भएको कुल निर्यातमा मध्यवर्ती, पुँजीगत तथा अन्तिम उपभोग्य वस्तुको अनुपात क्रमशः २९.७ प्रतिशत, ०.४ प्रतिशत र ६९.९ प्रतिशत रहेको थियो ।

१४. समीक्षा अवधिमा भएको कुल आयातमा मध्यवर्ती वस्तुको अनुपात ५२.४ प्रतिशत, पुँजीगत वस्तुको १०.२ प्रतिशत तथा अन्तिम उपभोग्य वस्तुको अनुपात ३७.४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी अनुपातहरु क्रमशः ५३.५ प्रतिशत, ११.८ प्रतिशत र ३४.७ प्रतिशत रहेका थिए ।

**निर्यात-आयात मूल्य सूचकाङ्क**

१५. वार्षिक विन्दुगत आधारमा २०७९ जेठ महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) ७.७ प्रतिशतले बढेको छ भने आयात मूल्य सूचकाङ्क १९.३ प्रतिशतले बढेको छ। २०७८ जेठ महिनामा २.९ प्रतिशतले घटेको व्यापारको शर्त (Terms of Trade) २०७९ जेठ महिनामा ९.८ प्रतिशतले घटेको छ ।

**सेवा**

१६. समीक्षा अवधिमा खुद सेवा आय रु.९९ अर्ब ९३ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु.६३ अर्ब ८९ करोडले घाटामा रहेको थियो ।

१७. सेवा खाता अन्तर्गत समीक्षा अवधिमा भ्रमण आय २८१.३ प्रतिशतले वृद्धि भई रु.२५ अर्ब ५२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु.६ अर्ब ६९ करोड रहेको थियो ।

१८. समीक्षा अवधिमा सेवा खाता अन्तर्गत भ्रमण व्यय १७०.८ प्रतिशतले वृद्धि भई रु.८३ अर्ब ३७ करोड पुगेको छ । यसमध्ये शिक्षातर्फको व्यय रु.५९ अर्ब ९९ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रु.३० अर्ब ७९ करोड रहेकोमा शिक्षातर्फको व्यय रु.२३ अर्ब ४५ करोड रहेको थियो ।

**विप्रेषण आप्रवाह**

१९. समीक्षा अवधिमा विप्रेषण आप्रवाह ३.८ प्रतिशतले वृद्धि भई रु.९०४ अर्ब १८ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १२.६ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह १.५ प्रतिशतले वृद्धि भई ७ अर्ब ५१ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह १०.५ प्रतिशतले बढेको थियो ।

२०. समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या उल्लेख्य रुपमा वृद्धि भई ३,१३,३६७ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ६८ प्रतिशतले घटेको थियो । त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा

अवधिमा २०८.३ प्रतिशतले वृद्धि भई २,५९,०९१ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ५२.१ प्रतिशतले घटेको थियो ।

२१. समीक्षा अवधिमा खुद ट्रान्सफर ३.६ प्रतिशतले वृद्धि भई रु.१००६ अर्ब ७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर ११.५ प्रतिशतले बढेको थियो ।

### चालु खाता एवम् शोधनान्तर स्थिति

२२. समीक्षा अवधिमा चालु खाता रु.५९५ अर्ब ७३ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु.२९८ अर्ब ११ करोडले घाटामा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा २ अर्ब ५४ करोडले घाटामा रहेको चालु खाता समीक्षा अवधिमा ४ अर्ब ९६ करोडले घाटामा रहेको छ।


२३. समीक्षा अवधिमा पुँजीगत ट्रान्सफर ३२.९ प्रतिशतले कमी आई रु.९ अर्ब ४९ करोड कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी ७.१ प्रतिशतले वृद्धि भई रु.१७ अर्ब ३५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर रु.१४ अर्ब १५ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु.१६ अर्ब २० करोड रहेको थियो।

२४. समीक्षा अवधिमा शोधनान्तर स्थिति रु.२६९ अर्ब ८१ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु.१५ अर्ब १५ करोडले घाटामा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा १४ करोड ८ लाखले घाटामा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा २ अर्ब २६ करोडले घाटामा रहेको छ।

### कुल विदेशी विनिमय सञ्चिति

२५. २०७८ असार मसान्तमा रु.१३९९ अर्ब ३ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति १५.९ प्रतिशतले कमी आई २०७९ जेठ मसान्तमा रु.११७६ अर्ब ८४ करोड कायम भएको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०७८ असार मसान्तमा ११ अर्ब ७५ करोड रहेकोमा २०७९ जेठ मसान्तमा १९.६ प्रतिशतले कमी आई ९ अर्ब ४५ करोड कायम भएको छ।

**चार्ट ३: कुल विदेशी विनिमय सञ्चिति (जेठ मसान्त)**




२६. कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७८ असार मसान्तमा रु.१२४४ अर्ब ६३ करोड रहेकोमा २०७९ जेठ मसान्तमा १७.१ प्रतिशतले कमी आई रु.१०३१ अर्ब ८९ करोड कायम भएको छ । बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७८ असार मसान्तमा रु.१५४ अर्ब ३९ करोड रहेकोमा २०७९ जेठ मसान्तमा ६.१ प्रतिशतले कमी आई रु.१४४ अर्ब ९५ करोड कायम भएको छ । २०७९ जेठ मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २५.० प्रतिशत रहेको छ।

### सञ्चिति पर्याप्तता सूचक

२७. आर्थिक वर्ष २०७८/७९ को एघार महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ७.५३ महिनाको वस्तु आयात र ६.७३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । २०७९ जेठ मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरु क्रमशः २४.३ प्रतिशत, ५६.१ प्रतिशत र २२.० प्रतिशत रहेका छन् । २०७८ असार मसान्तमा यी अनुपातहरु क्रमशः ३२.७ प्रतिशत, ८४.७ प्रतिशत र २७.१ प्रतिशत रहेका थिए।

### कच्चा पेट्रोलियम एवम् सुनको मूल्य

२८. अन्तर्राष्ट्रिय बजारमा २०७८ जेठ मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ७२.२७ रहेको कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७९ जेठ मसान्तमा ७५.८ प्रतिशतले वृद्धि भई अमेरिकी डलर १२७.०२ पुगेको

छ । त्यसैगरी, अन्तर्राष्ट्रिय बजारमा २०७८ जेठ मसान्तमा प्रति आउन्स सुनको मूल्य अमेरिकी डलर १८६५.६० रहेकोमा २०७९ जेठ मसान्तमा २.५ प्रतिशतले कमी आई अमेरिकी डलर १८१८.३० कायम भएको छ ।

### विनिमय दर

२९. २०७८ असार मसान्तको तुलनामा २०७९ जेठ मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ४.४३ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ ३.२२ प्रतिशतले अधिमूल्यन भएको थियो । २०७९ जेठ मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१२४.५६ पुगेको छ । २०७८ असार मसान्तमा उक्त विनिमय दर रु.११९.०४ रहेको थियो ।

# सरकारी वित्त स्थिति

## संघीय सरकार

### खर्च तथा राजस्व

३०. नेपाल सरकार, अर्थ मन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) का अनुसार आर्थिक वर्ष २०७८/७९ को जेठ मसान्तसम्ममा संघीय सरकारको कुल रु.१०३५ अर्ब ६१ करोड खर्च भएको छ। यस अवधिमा चालु खर्चतर्फ रु.८१४ अर्ब ५४ करोड, पुँजीगत खर्चतर्फ रु.१३७ अर्ब ९६ करोड र वित्तीय व्यवस्था अन्तर्गतको खर्चतर्फ रु.८३ अर्ब १० करोड रहेको छ ।

**तालिका २ : सरकारी खर्च तथा राजस्व (एघार महिनासम्म)**

| विवरण | रकम (रु.अर्बमा) | | प्रतिशत परिर्वतन | | विनियोजित बजेटको प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ |
| **कुल खर्च** | **९१६.८५** | **१०३५.६१** | **३.७** | **१३.०** | **६२.२** | **६३.४** |
| *चालु खर्च* | *७००.६१* | *८१४.५४* | *४.५* | *१६.३* | *७३.८* | *७६.५* |
| *पुँजीगत खर्च* | *१४३.०९* | *१३७.९६* | *१३.०* | *-३.६* | *४०.५* | *३६.५* |
| *वित्तीय व्यवस्था* | *७३.१५* | *८३.१०* | *-१५.७* | *१३.६* | *४२.३* | *४३.९* |
| **राजस्व परिचालन** | **८१२.३५** | **९४२.१३** | **२५.४** | **१६.०** | **८०.३** | **७९.८** |
| *कर राजस्व* | *७५८.३८* | *८७२.५४* | *२८.९* | *१५.१* | *८३.१* | *८१.७* |
| *गैर-कर राजस्व* | *५३.९८* | *६९.५९* | *-९.२* | *२८.९* | *५४.६* | *६१.८* |

स्रोत : महालेखा नियन्त्रक कार्यालय

३१. समीक्षा अवधिमा संघीय सरकारको कुल राजस्व रु.९४२ अर्ब १३ करोड (प्रदेश सरकार तथा स्थानीय तहमा बाँडफाँड हुने रकम समेत) परिचालन भएको छ । यसमध्ये कर राजस्व तर्फ रु.८७२ अर्ब ५४ करोड र गैर कर राजस्व तर्फ रु.६९ अर्ब ५९ करोड परिचालन भएको छ ।

३२. समीक्षा अवधिमा संघीय सरकारले ट्रेजरी विलमार्फत रु.८५ अर्ब, विकास ऋणपत्रमार्फत रु.८९ अर्ब ५० करोड र नागरिक बचतपत्रमार्फत रु.९७ करोड परिचालन गरी जम्मा रु.१७५ अर्ब ४७ करोड आन्तरिक ऋण परिचालन गरेको छ ।

### नगद मौज्दात

३३. २०७९ जेठ मसान्तमा यस बैंकमा रहेका सरकारका विभिन्न खातामा रु.३५१ अर्ब ९१ करोड (प्रदेश सरकार तथा स्थानीय तहको खातामा रहेको रकम समेत) नगद मौज्दात रहेको छ । २०७८ असार मसान्तमा यस्तो मौज्दात रु.१९८ अर्ब ७६ करोड रहेको थियो ।


### प्रदेश सरकार

३४. समीक्षा अवधिमा प्रदेश सरकारको स्रोत प्राप्ति रु.१६४ अर्ब १५ करोड रहेको छ । यसमध्ये संघीय सरकारले प्रदेश सरकारलाई हस्तान्तरण गरेको अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्वसमेत गरी रु.१२५ अर्ब ५० करोड छ र प्रदेश सरकारहरुले परिचालन गरेको राजस्व र अन्य स्रोतबाट रु.३८ अर्ब ६५ करोड रहेको छ । यसैगरी, यस अवधिमा प्रदेश सरकारहरुको खर्च रु.११२ अर्ब २७ करोड रहेको छ ।

# मौद्रिक स्थिति

## मुद्राप्रदाय

३५. आर्थिक वर्ष २०७८/७९ को एघार महिनामा विस्तृत मुद्राप्रदाय ३.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय १६.१ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७९ जेठ मसान्तमा विस्तृत मुद्राप्रदाय ९.० प्रतिशतले बढेको छ ।




३६. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु.२६९ अर्ब ८१ करोड (२०.२ प्रतिशत) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु.१५ अर्ब १५ करोड (१.१ प्रतिशत) ले घटेको थियो ।

३७. समीक्षा अवधिमा सञ्चित मुद्रा १६.२ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा ६.१ प्रतिशतले घटेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७९ जेठ मसान्तमा सञ्चित मुद्रा ६.२ प्रतिशतले घटेको छ ।

## कुल आन्तरिक कर्जा

३८. आर्थिक वर्ष २०७८/७९ को एघार महिनामा कुल आन्तरिक कर्जा १२.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा २१.९ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७९ जेठ मसान्तमा यस्तो कर्जा १७.३ प्रतिशतले बढेको छ ।

३९. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी १५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दावी २५.२ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७९ जेठ मसान्तमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी १६.० प्रतिशतले बढेको छ ।

## निक्षेप परिचालन

४०. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप ५.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप १५.३ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७९ जेठ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप ११.३ प्रतिशतले बढेको छ ।


**तालिका ३: बैंक तथा वित्तीय संस्थाहरुमा रहेको निक्षेपको अंश (प्रतिशतमा)**

| निक्षेप | असार मसान्त | | जेठ मसान्त | |
|---|---|---|---|---|
| | २०७७ | २०७८ | २०७८ | २०७९ |
| चल्ती | १०.० | १०.४ | ८.६ | ८.८ |
| बचत | ३१.९ | ३४.२ | ३४.३ | २७.१ |
| मुद्दती | ४८.६ | ४७.० | ४८.५ | ५७.१ |
| अन्य | ९.५ | ८.४ | ८.६ | ७.० |

४१. २०७९ जेठ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दतीको अंश क्रमशः ८.८ प्रतिशत, २७.१ प्रतिशत र ५७.१ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ८.६ प्रतिशत, ३४.३ प्रतिशत र ४८.५ प्रतिशत रहेको थियो ।

४२. २०७९ जेठ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३८.५७ प्रतिशत रहेको छ । २०७८ जेठ मसान्तमा यस्तो निक्षेपको अंश ४१.२२ प्रतिशत रहेको थियो ।

## कर्जा प्रवाह




४३. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १३.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा २४.९ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७९ जेठ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १५.७ प्रतिशतले बढेको छ ।

४४. समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह १३.१ प्रतिशतले, विकास बैंकहरुको कर्जा प्रवाह १४.७ प्रतिशतले र वित्त कम्पनीहरुको कर्जा प्रवाह २९ प्रतिशतले बढेको छ ।

४५. २०७९ जेठ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहिरहेको कर्जामध्ये ६६.८ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १२.३ प्रतिशत कर्जा चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । २०७८ जेठ मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ६५.७ प्रतिशत र १३ प्रतिशत रहेको थियो ।

४६. आर्थिक वर्ष २०७८/७९ को एघार महिनामा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहेको कर्जामध्ये कृषि क्षेत्रतर्फको कर्जा २०.१ प्रतिशतले, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ९.६ प्रतिशतले, यातायात, संचार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा १२.६ प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा १४.६ प्रतिशतले र सेवा उद्योग क्षेत्रतर्फको कर्जा ५ प्रतिशतले बढेको छ ।

४७. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कर्जामध्ये आवधिक कर्जा २२.७ प्रतिशतले, ओभरड्राफ्ट कर्जा १२.६ प्रतिशतले, डिमान्ड तथा अन्य चालु पुँजी कर्जा १७.९ प्रतिशतले, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जासमेत) १६.८ प्रतिशतले र हायर पर्चेज कर्जा २.५ प्रतिशतले बढेको छ भने ट्रष्ट रिसिट (आयात) कर्जा ५३.८ प्रतिशतले र मार्जिन प्रकृति कर्जा १७.६ प्रतिशतले घटेको छ ।

## तरलता व्यवस्थापन

४८. आर्थिक वर्ष २०७८/७९ को एघार महिनामा रिभर्स रिपोमार्फत रु.२८ अर्ब ३५ करोड र निक्षेप संकलन उपकरणमार्फत रु.३१ अर्ब ६५ करोड गरी कुल रु.६० अर्ब तरलता प्रशोचन गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा रिभर्स रिपोमार्फत रु.१०९ अर्ब ५४ करोड र निक्षेप संकलन उपकरणमार्फत रु.१९३ अर्ब ७५ करोड गरी कुल रु.३०३ अर्ब २९ करोड तरलता प्रशोचन भएको थियो ।

४९. समीक्षा अवधिमा रिपोमार्फत रु.४५० अर्ब १ करोड, सोझै खरिद उपकरणमार्फत रु.५५ अर्ब ९२ करोड र स्थायी तरलता सुविधा मार्फत रु.८०७६ अर्ब १७ करोड गरी कारोवारको आधारमा कुल रु.८५८२ अर्ब १० करोड तरलता प्रवाह गरिएको छ ।

५०. समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) मा अमेरिकी डलर २ अर्ब ४७ करोड खुद खरिद गरी रु.२९९ अर्ब ६२ करोड तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर ३ अर्ब १३ करोड खुद खरिद गरी रु.३७० अर्ब १८ करोड तरलता प्रवाह गरिएको थियो ।

५१. समीक्षा अवधिमा अमेरिकी डलर ४ अर्ब ४० करोड बिक्री गरी रु.५२९ अर्ब ७४ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर ४ अर्ब १६ करोड बिक्री गरी रु.४८९ अर्ब ९८ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको थियो ।

## पुनरकर्जा, सहुलियतपूर्ण कर्जा र व्यवसाय निरन्तरता कर्जा

५२. यस बैंकले सहुलियत दरमा प्रदान गर्दै आएको पुनरकर्जा २०७९ जेठ मसान्तमा रु.११४ अर्ब ९७ करोड लगानीमा रहेको छ ।

| तालिका ४: पुनरकर्जा कार्यविधि २०७७ अनुसार स्वीकृत पुनरकर्जा विवरण (रु. करोडमा) | | | | |
|---|---|---|---|---|
| पुनरकर्जाको प्रकार | २०७७/७८ | | २०७९ जेठ मसान्तसम्म | |
| | ऋणी संख्या | कर्जा | ऋणी संख्या | कर्जा |
| साधारण | ११२९६ | ९८७५.० | १३११२ | ९०२६ |
| विशेष | २०४० | १४६२.० | १७०७ | १२२९ |
| लघु,घरेलु तथा सानाउद्यम | ३५५५४ | ३५३८.० | ९४८६ | १३१५ |
| **कुल** | **४८८९०** | **१४८७५.०** | **२४३०५** | **११५७०** |

५३. २०७९ जेठ मसान्तसम्ममा १ लाख ४७ हजार १४७ ऋणीलाई सहुलियतपूर्ण कर्जा प्रवाह भई रु.२१५ अर्ब ९१ करोड कर्जा बक्यौता रहेको छ । यसमध्ये कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा अन्तर्गत ६० हजार ६१८ ऋणीलाई प्रवाह भएको रु.१३९ अर्ब ८४ करोड कर्जा रहेको छ भने महिला उद्यमशील कर्जा अन्तर्गत ८३ हजार ६६९ महिला उद्यमीलाई प्रवाह भएको रु.७२ अर्ब ३८ करोड कर्जा रहेको छ । सहुलियतपूर्ण कर्जाका अन्य शीर्षक अन्तर्गत २ हजार ८६० ऋणीको रु.३ अर्ब ६९ करोड कर्जा बक्यौता रहेको छ ।

५४. "व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७" बमोजिम कोभिड-१९ प्रभावित पर्यटन र घरेलु, साना तथा मझौला उद्यम क्षेत्रको व्यवसाय निरन्तरतामा सहयोग पुर्‍याउन ती क्षेत्रका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानीका लागि व्यवस्था गरिएको कर्जा २०७९ जेठ मसान्तसम्ममा रु.१ अर्ब १५ करोड स्वीकृत भएको छ ।

## अन्तर-बैंक कारोबार

५५. आर्थिक वर्ष २०७८/७९ को एघार महिनामा वाणिज्य बैंकहरुको रु.२५७६ अर्ब ६० करोड र अन्य वित्तीय संस्थाहरु (वाणिज्य बैंकहरुबीच बाहेक) को रु.२९८ अर्ब ९१ करोड गरी कुल रु.२८७५ अर्ब ५१ करोडको अन्तर-बैंक कारोबार भएको छ । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरुको रु.१४२९ अर्ब १६ करोड र अन्य वित्तीय संस्थाहरुको रु.१८५ अर्ब १६ करोड गरी कुल रु.१६१४ अर्ब ३२ करोड अन्तर बैंक कारोबार भएको थियो ।

## ब्याजदर

५६. २०७८ जेठमा ९१-दिने ट्रेजरी बीलको भारित औसत ब्याजदर ३.७९ प्रतिशत रहेकोमा २०७९ जेठमा ९.९० प्रतिशत रहेको छ । वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७८ जेठमा ३.२१ प्रतिशत रहेकोमा २०७९ जेठमा ७.०१ प्रतिशत रहेको छ । बैंक तथा वित्तीय संस्थाहरुबीचको अन्तर कारोवारको भारित औसत ब्याजदर २०७९ जेठमा ७.० प्रतिशत रहेको छ । अघिल्लो बर्षको सोही महिनामा यस्तो ब्याजदर ३.२४ प्रतिशत रहेको थियो ।

| तालिका ५: भारित औसत ब्याजदर स्थिति (प्रतिशत) | | |
|---|---|---|
| शीर्षक | २०७८ जेठ | २०७९ जेठ |
| ९१-दिने ट्रेजरी बिल | ३.७९ | ९.९० |
| अन्तर बैंक ब्याजदर | ३.२१ | ७.०१ |
| आधार दर | ६.६६ | ९.३९ |
| निक्षेपको ब्याजदर | ४.७२ | ७.३४ |
| कर्जाको ब्याजदर | ८.४६ | ११.५४ |

५७. वाणिज्य बैंकहरुको औसत आधार दर २०७८ जेठमा ६.६६ प्रतिशत रहेकोमा २०७९ जेठमा ९.३९ प्रतिशत कायम भएको छ । २०७९ जेठमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ७.३४ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ११.५४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्ता दरहरु क्रमशः ४.७२ प्रतिशत र ८.४६ प्रतिशत रहेका थिए ।

## मर्जर/प्राप्ति

५८. वित्तीय स्थायित्व सुदृढीकरण गर्ने उद्देश्यले यस बैंकले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी प्रक्रिया शुरु गराएपश्चात् २०७९ जेठ मसान्तसम्म कुल २४३ बैंक तथा वित्तीय संस्थाहरु मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये १७७ संस्थाहरुको इजाजत खारेज हुन गई ६६ संस्था कायम भएका छन् ।

### वित्तीय पहुँच

५९. २०७८ जेठमा झैं कुल ७५३ स्थानीय तहमध्ये २०७९ जेठमा पनि ७५० तहमा वाणिज्य बैंकहरुका शाखा संचालनमा रहेका छन् ।

६०. यस बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०७९ जेठ मसान्तमा १२७ रहेको छ । यस मध्ये २७ वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ६५ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक सञ्चालनमा रहेका छन् । बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०७८ असार मसान्तमा १०,६८३ रहेकोमा २०७९ जेठ मसान्तमा ११,४९२ पुगेको छ (तालिका ६) ।

**तालिका ६: बैंक तथा वित्तीय संस्थाको संख्या तथा शाखा संख्या***

| बैंक तथा वित्तीय संस्था | बैंक तथा वित्तीय संस्थाको संख्या | | | बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | | |
|---|---|---|---|---|---|---|
| | २०७७ असार मसान्त | २०७८ असार मसान्त | २०७९ जेठ मसान्त | २०७७ असार मसान्त | २०७८ असार मसान्त | २०७९ जेठ मसान्त |
| वाणिज्य बैंक | २७ | २७ | २७ | ४४३६ | ४७५३ | ४९९४ |
| विकास बैंक | २० | १८ | १७ | १०२९ | १०२३ | १११६ |
| वित्त कम्पनी | २२ | १७ | १७ | २४३ | २२२ | २६४ |
| लघुवित्त वित्तीय संस्था | ८५ | ७० | ६५ | ४०५७ | ४६८५ | ५११८ |
| पूर्वाधार विकास बैंक | १ | १ | १ | – | – | – |
| **जम्मा** | **१५५** | **१३३** | **१२७** | **९७६५** | **१०६८३** | **११४९२** |

*यस सम्बन्धी अद्यावधिक विवरण http://emap.nrb.org.np/ मा उपलब्ध छ ।

### विद्युतीय भुक्तानी कारोबार


६१. विद्युतीय भुक्तानी पूर्वाधारमा भएको विकास, विद्युतीय भुक्तानी कारोबारका लागि गरिएको प्रोत्साहन र सर्वसाधारणको विद्युतीय भुक्तानी उपकरण प्रयोगमा बढ्दो अभ्यासका कारण विद्युतीय भुक्तानी कारोबार उल्लेखनीय रहेको छ ( तथ्याङ्क तालिका ५९) ।

## पुँजी बजार

६२. २०७८ जेठ मसान्तमा ३०२५.८ रहेको नेप्से सूचकाङ्क २०७९ जेठ मसान्तमा १९९६.३ पुगेको छ ।

६३. २०७९ जेठ मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.२८४४ अर्ब ११ करोड पुगेको छ । २०७८ जेठ मसान्तमा बजार पुँजीकरण रु.४२१६ अर्ब रहेको थियो ।

**चार्ट ६: नेप्से सूचकाङ्क**




६४. २०७९ जेठ मा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २३२ पुगेको छ । सूचीकृत कम्पनीहरुमध्ये १४६ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ४९ जलविद्युत् कम्पनी, १९ उत्पादन तथा प्रशोधन उद्योग, ६ लगानी कम्पनी, ५ होटल, ४ व्यापारिक संस्था र ३ अन्य समूहका रहेका छन् । २०७८ जेठ मा सूचीकृत कम्पनीहरूको संख्या २२० रहेको थियो ।

६५. सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ६७.७ प्रतिशत रहेको छ । त्यसैगरी जलविद्युत कम्पनीको हिस्सा १०.८ प्रतिशत, लगानी कम्पनीको ७ प्रतिशत, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ४.१ प्रतिशत, होटेलको हिस्सा १.६ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ०.३ प्रतिशत तथा अन्य समूहका कम्पनीहरुको हिस्सा ८.५ प्रतिशत रहेको छ ।

६६. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७९ जेठ सम्ममा सूचीकृत ६ अर्ब ७४ करोड शेयरको चुक्ता मूल्य रु. ६६४ अर्ब ६४ करोड रहेको छ ।

६७. आर्थिक वर्ष २०७८/७९ को एघार महिनासम्ममा रु.५४ अर्ब ५० करोड बराबरको विकास ऋणपत्र, रु.५१ अर्ब ८१ करोड बराबरको बोनस शेयर, रु.४९ अर्ब १६ करोड बराबरको डिबेन्चर, रु.२४ अर्ब ८ करोड बराबरको साधारण शेयर, रु.१० अर्ब ८८ करोड बराबरको हकप्रद शेयर र रु.३ अर्ब ७५ करोड बराबरको म्युचुअल फण्ड गरी कुल रु.१९४ अर्ब १८ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् ।

६८. समीक्षा अवधिमा नेपाल धितोपत्र बोर्डले रु.११ अर्ब २८ करोड बराबरको डिबेन्चर, रु.६ अर्ब ९० करोड बराबरको म्युचुअल फण्ड, रु.६ अर्ब ५१ करोड बराबरको साधारण शेयर र रु.३ अर्ब ४६ करोड बराबरको हकप्रद शेयर गरी कुल रु. २८ अर्ब १५ करोड बराबरको धितोपत्र सार्वजनिक निष्काशनका लागि अनुमति दिएको छ ।